**नेपाल सरकारबाट स्वीकृत मितिः २०६६।१०।७**

# सूचना तथा सञ्चार मन्त्रालय वा अन्तरगतका निकायहरुवाट सम्पादन गरिने कार्यहरुको प्रभावकारिता अभिबृद्धि एवं कार्य सरलीकरण निर्देशिका, २०६६

प्रस्तावना

नेपालको अन्तरिम संविधान २०६३ एवं सूचनाको हक सम्बन्धी ऐन २०६४ ले नागरिकलाई सार्वजनिक सरोकारको विषयमा सूचनाको हकको प्रत्याभूति गरेको छ। सूचना प्रविधिको क्षेत्रमा भएको द्रूत विकास र नागरिक सचेतनाको विकास एवं जनअपेक्षा तिव्ररुपमा वढिरहेको वर्तमान अवस्थामा सरकारी निकायबाट परम्परागतरुपमा प्रदान गर्दै आएका सेवा सुविधाहरुलाई जनताको घर दैलोमा सर्वसुलभ रुपमा उपलव्ध गराउन थप व्यवस्था गर्न आवश्यक देखिएकोले सूचना तथा सञ्चार क्षेत्रसंग सम्बन्धित हुलाक सेवा, प्रसारण क्षेत्रसंग सम्बन्धित सेवा, प्रेस तथा पत्रकारितासंग सम्बन्धित सेवा, मुद्रण एवं चलचित्र लगायतका क्षेत्रमा हाल विद्यमान अधिकार तल्लो निकाय जिल्लास्तरसम्म प्रदान गरी जनतालाई प्रदान गरिने सेवा सुविधाहरुलाई छिटो, छरितो, मितव्ययी, प्रभावकारी, सरल, जवाफदेही तथा उत्तरदायित्वपूर्ण बनाई सूचना तथा सञ्चार क्षेत्रमा भएका उपलव्धीहरुको अधिकतम सदुपयोग गरी भविष्यमा यस क्षेत्रमा देखा पर्ने थप सम्भावना र अवसरहरुलाई नेपाली जनताको समुन्नति र हितमा उपयोग गर्न र विद्यमान नीतिहरुमा समयानुकुल परिमार्जन गर्दै जनअपेक्षानुकुल वनाउन समेत आवश्यक देखिएकोले सो को लागि केन्द्रीय एवं स्थानीय स्तरमा आवश्यक संयन्त्र निर्माण एवं संचालन समेत गर्ने उद्देश्यले यो निर्देशिका तर्जुमा गरिएको छ।

१ संक्षिप्त नाम र प्रारम्भः

१ .१ यस निर्देशिकाको नाम "सूचना तथा सञ्चार मन्त्रालय वा अन्तरगतका निकायहरुवाट सम्पादन गरिने कार्यहरुको प्रभावकारिता अभिबृद्धि एवं कार्य सरलीकरण निर्देशिका, २०६६" रहेको छ।

१ .२ यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२) **उद्देश्य** : यस निर्देशिकाका उद्देश्यहरु देहाय वमोजिम रहेका छन्।

२ .१ सूचना तथा सञ्चार मन्त्रालय तथा मातहतका कार्यालयहरुवाट संपादन गरिने कार्यहरुमा आम नागरिकहरुको पहुंच अभिवृद्धि गर्ने।

२ .२ सूचना तथा सञ्चार क्षेत्र संग सम्बन्धित हुलाक सेवा, प्रसारण क्षेत्रसंग सम्बन्धित सेवा, प्रेस तथा पत्रकारितासंग सम्बन्धित सेवा, मुद्रण एवं चलचित्र क्षेत्र संग सम्बन्धित विद्यमान नीति, नियम एवं सेवा सुविधाहरुको सम्बन्धमा आवश्यक सुझाव, समन्वय एवं अनुगमन गर्ने।

२ .३ सूचना तथा सञ्चार मन्त्रालय वा अन्तर्गत कार्यरत कर्मचारीहरुको क्षमता, दक्षता एवं मनोवल अभिवृद्धि गर्ने।

## ३ केन्द्रीय समन्वय एवं अनुगमन समिति

३.१ सूचना तथा सञ्चार मन्त्रालयको क्षेत्राधिकार भित्रको सूचना तथा सञ्चार क्षेत्रको नीतिनिर्माण, सुधार, विकास, विस्तार, कार्यसरलीकरण, समन्वय एवं अनुगमन समेतका विषयमा मार्गदर्शन गर्न केन्द्रीय स्तरमा देहाय वमोजिमको एक केन्द्रीय समन्वय एवं अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| ● सूचना तथा सञ्चार मन्त्री वा राज्यमन्त्री | संयोजक |
| ● सचिव, सूचना तथा सञ्चार मन्त्रालय | सदस्य |
| ● अध्यक्ष, प्रेस काउन्सिल नेपाल | सदस्य |
| ● सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| ● सहसचिव, गृह मन्त्रालय | सदस्य |
| ● महानिर्देशक, हुलाकसेवा विभाग | सदस्य |
| ● महानिर्देशक, सूचना विभाग | सदस्य |
| ● अध्यक्ष, नेपाल पत्रकार महासंघ | सदस्य |
| ● सहसचिव, प्रशासन महाशाखा, सूचना तथा सञ्चार मन्त्रालय | सदस्य सचिव |

३.२ समन्वय समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ । समन्वय समितिको सचिवालय सूचना तथा संचार मन्त्रालयमा रहने छ ।

## ४ केन्द्रीय समन्वय एवं अनुगमन समितिको काम कर्तव्य र अधिकार

४ .१. सूचना तथा सञ्चार मन्त्रालय र अन्तरगत निकायहरु हुलाक सेवा विभाग, सूचना विभाग, मुद्रण विभाग वाट परम्परागतरुपमा प्रदान गर्दै आएका सेवा सुविधाहरुलाई जनताको घर दैलोमा सर्वसुलभ रुपमा उपलव्ध गराउन विद्यमान व्यवस्थाको अध्ययन गरी थप के कस्ता अधिकार के कुन निकायलाई प्रदान गर्ने भन्ने सम्वन्धमा स्थानीय समन्वय समिति र सरोकारवालाहरुको राय सुझाव नियमित रुपमा प्राप्त गरी उपयुक्त नीति तय गर्न सिफारिश गर्ने,

४ .२ सूचना तथा सञ्चार क्षेत्र संग सम्बन्धित विविध सेवाहरु जस्तै प्रसारण क्षेत्रसंग सम्बन्धित सेवा, प्रेस तथा पत्रकारितासंग सम्बन्धित सेवा, चलचित्र, केवुल टेलिभिजन, दूर सञ्चार क्षेत्र संग सम्बन्धित विविध सेवाहरु लगायतका क्षेत्रमा विद्यमान व्यवस्थाहरुको सम्बन्धमा स्थानीय समन्वय समिति र सरोकारवालाहरुवाट राय सुझाव प्राप्त गरी जनअपेक्षा अनुरुप जनताको घर दैलोमै सेवा उपलब्ध गराउन के कुन क्षेत्रमा के कस्तो नीति तथा कानूनी, संगठनात्मक र प्रकृयागत विषयहरुमा के कस्तो सुधार अवलम्वन गर्नु उपयुक्त हुन्छ भन्ने सम्बन्धमा सिफारिश गर्ने,

४ .३ मन्त्रालय अन्तरगत केन्द्रीय तथा स्थानीयस्तरबाट सम्पादन भैरहेको काम कारवाहीहरुको सम्बन्धमा अनुगमन गर्ने गराउने ।

४ .४ सूचना तथा सञ्चार क्षेत्रसंग सम्बन्धित विषयमा विभिन्न सरकारी एवं गैह्र सरकारी संघ संस्थाहरु बीच आवश्यक समन्वय गर्ने ।

४ .५ केन्द्रीय अनुगमन समन्वय समिति एवं स्थानीय अनुगमन समन्वय समितिको कार्यक्रम एवं बजेट स्वीकृति सम्बन्धी कार्य गर्ने गराउने ।

४ .६ केन्द्रीय तथा स्थानीय समन्वय समितिको वैठक सम्बन्धी कार्यविधि केन्द्रीय समन्वय समितिले आफैं तोकी तय गर्न सक्नेछ ,

४ .७ समितिका संयोजक तथा सदस्य, आमन्त्रित विज्ञ एवं कार्य गर्न खटिएका सहयोगी कर्मचारी समेतलाई प्रतिव्यक्ति प्रतिवैठक रु १०००। का दरले वैठक भत्ता उपलब्ध गराउने ,

## ५ स्थानीय समन्वय समिति

५.१ सूचना तथा सञ्चार क्षेत्रसंग सम्बन्धित क्षेत्रगत नीतिनिर्माण, सुधार, विकास, विस्तार, कार्यसरलीकरण, समन्वय एवं अनुगमन समेतका विषयमा स्थानीयस्तरमा कार्य गर्न देहाय वमोजिम स्थानीय समन्वय समिति रहनेछ ।

- सम्बन्धित जिल्ला स्थित क्षेत्रीय हुलाक निर्देशनालय वा जिल्ला हुलाक कार्यालयका राजपत्राँकित कार्यालय प्रमुख — संयोजक
- अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय — सदस्य
- सूचना केन्द्र रहेको जिल्लामा जिल्लास्थित सूचना केन्द्रका प्रमुख — सदस्य
- जिल्ला विकास समितिको कार्यालयले तोकेको अधिकृत प्रतिनिधि — सदस्य
- प्रतिनिधि, नेपाल पत्रकार महासंघ, जिल्ला शाखा — सदस्य
- जिल्लामा आमसञ्चार क्षेत्रमा कार्यरत व्यक्तिहरु मध्येबाट एक जना महिला सहित सूचना तथा सञ्चार मन्त्रालयले तोकेका व्यक्तिहरु २ जना — सदस्य

५.२ सम्बन्धित जिल्लास्थित क्षेत्रीय हुलाक निर्देशनालय वा जिल्ला हुलाक कार्यालयका प्रमुखले तोकेको कर्मचारीले सो समितिको सचिवको रुपमा कार्य गर्ने छन् ।

५.३ सम्बन्धित जिल्ला स्थित क्षेत्रीय हुलाक निर्देशनालय वा जिल्ला हुलाक कार्यालयमा राजपत्राँकित प्रमुख नरहेको अवस्थामा समितिको संयोजकत्व जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधिले गर्ने छन् ।

५.४ समितिले वैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

५.५ मन्त्रालयबाट मनोनयन भएका सदस्यहरुको पदावधि २ वर्षको हुनेछ ।

## ६ स्थानीय **समन्वय समितिको काम कर्तव्य र अधिकार**

६ .१ सूचना तथा सञ्चार क्षेत्रसंग सम्बन्धित हुलाकसेवा, प्रसारण सेवा, चलचित्र, केवुल टेलिभिजन, मुद्रण, प्रेस तथा पत्रपत्रिका एवं नयां सेवा समेतका क्षेत्रसंग सम्बन्धित विषयमा जिल्लास्तरमा गर्नु पर्ने नीतिगत सुधारका सम्बन्धमा केन्द्रीय समन्वय समिति समक्ष सुझाव पेश गर्ने ,

६. २. प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, श्रमजीवी संचारकर्मी तथा संचार गृहको सुरक्षा को रणनीति सम्बन्धमा आवश्यक सुझाव दिन र पत्रकार आचार संहिताको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्ने सम्बन्धमा सुझाव प्रदान गर्ने,

६ .३ पत्र पत्रिका वर्गीकरणको निमित्त प्रेस काउन्सिल नेपाल वाट स्वीकृत मापदण्ड वमोजिम स्थानीय पत्र पत्रिकाहरुको मुल्यांकन प्रतिवेदन तयार गरी नियमित रुपमा प्रेस काउन्सिल नेपालमा पठाउने,

६ .४ सूचना तथा सञ्चार मन्त्रालय अन्तरगत जिल्लास्तर निकायहरुवाट सम्पादन गरिएका हुलाकसेवा, प्रसारण सेवा, प्रेस तथा पत्रपत्रिका, चलचित्र, केवुलटेलिभिजन क्षेत्रसंग सम्बन्धित कार्यहरुको अनुगमन गरी, कमी कमजोरीहरु पहिचान गरी, गर्नु पर्ने थप कार्यहरुको अध्ययन एवं प्रभावकारी कार्यान्वयनको लागि केन्द्रीय समन्वय समिति समक्ष

सुझाव पेश गर्ने, यसको लागि आवश्यकता अनुसार सेमिनार, गोष्ठी, अन्तरकृया समेतका कार्यक्रम संचालन गर्ने,

६ .५ जिल्ला भित्र प्रदान भएका विभिन्न दुरसञ्चार सेवाहरुको अवस्था, यसको प्रभावकारीता जन अपेक्षा एवं सुधार गर्नु पर्ने अवस्था समेतको अध्ययन गरी प्रतिवेदन पेश गर्ने,

६.६. जिल्लास्तरवाट समन्वय गरी समाधान गर्न सकिने सञ्चार सम्बन्धी विषयमा समितिको वैठकले सम्बन्धित पक्षहरुसंग परामर्श गरी समाधान गर्न समन्वय गर्ने ,

६.७. उल्लेखित उद्देश्य हासिल गर्न विद्यमान ऐन, नियम, कार्यविधि, निर्देशिका र अधिकार प्रत्यायोजनमा गर्नुपर्ने सुधार सम्बन्धमा सुझाव पेश गर्ने ,

६.८ जिल्लास्तरवाट वार्षिकरुपमा सम्पादन गर्नु पर्ने कार्यकमहरुको खाका तय गरी केन्द्रीय समन्वय समितिको स्वीकृतिमा कार्यान्वयन गर्ने,

६.९. स्थानीय समितिका संयोजक, सदस्य तथा सहयोगी कर्मचारी १ जना समेतले प्रतिव्यक्ति प्रतिवैठक रु ५००। का दरले वैठक भत्ता प्राप्त गर्नेछ,

६.१० सम्बन्धित क्षेत्रीय वा जिल्ला हुलाक कार्यालयले स्थानीय समन्वय समितिको सचिवालयको रुपमा कार्य गर्ने छ । प्राप्त अख्तियारी वमोजिमको रकम निकासा लिई प्रचलित कानून वमोजिम रीत पुर्याई खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने र वेरुजु फछ्यौट गर्ने गराउने कार्य, समितिको वैठक वोलाउने साथै समितिको निर्णय कार्यान्वयन गराउने, प्रगति प्रतिवेदन तयार गरी समितिको स्वीकृतिमा सूचना तथा सञ्चार मन्त्रालय तथा सम्बन्धित निकायमा पठाउने जिम्मेवारी सचिवको हुनेछ ।

७ अनुगमन एवं प्रतिवेदन

केन्द्रीय र स्थानीय समितिले आफूले वर्षभरी गरेको काम कारवाहीहरु, भए गरेका निर्णयहरु, कार्यक्रम कार्यान्वयनको स्थितिको समीक्षा सहितको वार्षिक प्रतिवेदन सूचना तथा सञ्चार मन्त्रालयमा प्रस्तुत गर्ने छ ।

स्थानीय समन्वय समितिले अर्धवार्षिक र वार्षिक प्रतिवेदन केन्द्रीय समन्वय एवं अनुगमन समिति समक्ष पठाउनु पर्नेछ ।

**८** विविध

१. केन्द्रीय समन्वय एवं अनुगमन समितिले प्रचलित कानूनको प्रतिकूल नहुने गरी आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

२. नेपाल सरकारले यस निर्देशिकामा आवश्यकता अनुसार थप घट वा संशोधन गर्न सक्नेछ ।